फोन नं. ४२११७०६
४२११८३२
४२११४७८
४२११४७६
फ्याक्स : ४२११४८०

नेपाल सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या: ०७४/०७५
चलानी नं.: ९९२

मितिः२०७५।२।३१

विषयः स्थानीय तथा प्रादेशिक तहहरुमा पशुपन्छी विकास सम्बन्धी कार्यक्रम तर्जुमा सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

आर्थिक वर्ष २०७५/७६ को लागि स्थानीय तथा प्रादेशिक तहहरुमा तर्जुमा हुने पशुपन्छी विकास सम्बन्धी बजेट तथा कार्यक्रमहरुको सम्बन्धमा केहि विषयहरु स्पष्ट पार्नु सान्दर्भिक हुने देखिएकोले तपशीलमा उल्लेख भए बमोजिमको जानकारी प्रदेश मन्त्रालय तथा स्थानीय तहहरुलाई गराइदिनुहुन निर्देशनानुसार अनुरोध छ।

तपशीलः

१. स्थानीय तहहरुमा साविकमा सञ्चालन भइरहेको एक गाउँ, एक पशु सेवा प्राविधिकको लागि नियमानुसार पाउने तलब भत्ता र पोशाक खर्च सबै स्थानीय तहहरुमा सशर्त अनुदानमा व्यवस्था भएको छ।

२. स्थानीय तहहरुमा कार्यरत पशु सेवा सम्बन्धी स्थायी कर्मचारीहरुको लागि कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय (संघीय मन्त्रालय) मा बजेट व्यवस्था गरिएकोले स्थानीय तहहरुले उक्त शीर्षकमा छुट्टै बजेट व्यवस्था गर्नुपर्ने छैन। सर्शत अनुदानको बजेट कार्यक्रम तर्जुमा गर्दाको वखत प्रादेशिक संरचनाको निर्णय भइनसकेकोले साविकको क्षेत्रीय पशु सेवा निर्देशनालय, क्षेत्रीय पशु सेवा तालिम केन्द्र र प्रादेशिक पशुपन्छी विकास फार्महरुको लागि मात्र तलव भत्ताको बजेट विनियोजन गरी सशर्त अनुदानको रुपमा हस्तान्तरण गरिएकोले सोलाई समेत उपयोग गरी बाँकी उपभोग र कार्यालय संचालन खर्च उपलब्ध वित्तीय समानीकरण बजेटबाट नै व्यवस्था गर्नुहुन अनुरोध छ।

३. प्रादेशिक पशुपन्छी सेवाका निकायहरुबाट संचालन गरिने तथा प्रदेश सरकारले संयोजन गरी स्थानीय सरकार मार्फत सम्पादन गर्नुपर्ने केही कार्यक्रमहरु सशर्त अनुदानको रुपमा हस्तान्तरण गरिएको छ। स्थानीय तह र प्रादेशिक निकायहरुलाई पशुपन्छी सम्बन्धी केही सामान्य कार्यक्रमहरु मात्र सशर्त अनुदानमा हस्तान्तरण गरिएकोले स्थानीय तथा प्रादेशिक तहमा प्राप्त वित्तीय समानीकरणको बजेटबाट नै पशुपन्छी विकासका सम्पूर्ण आवश्यक कार्यक्रम र बजेट व्यवस्था गर्नुहुन समेत अनुरोध छ।

पुनश्चः हस्तान्तरण गरिएका कार्यक्रम र बजेटको विस्तृत जानकारी मन्त्रालयको वेभसाइट www.mold.gov.np मा उपलब्ध छ।

२०७५/२/३५

श्याम प्रसाद पौडेल
सह सचिव

बोधार्थः

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय,
प्रदेश नं. १, विराटनगर, प्रदेश नं. २, जनकपुर, प्रदेश नं. ३, हेटौडा, प्रदेश नं. ४, पोखरा, प्रदेश नं. ५ बुटवल,
प्रदेश नं.६, सुर्खेत, प्रदेश नं.७, धनगढी
श्री पशु सेवा विभाग, हरिहरभवन, ललितपुर
श्री क्षेत्रीय पशु सेवा निर्देशनालय, विराटनगर/हरिहरभवन/पोखरा/सुर्खेत/दिपायल